जिल्ला सरकारी वकील कार्यालय, मुगुबाट प्रस्तुत
प्रतिवेदन

**कार्यक्रमको नाम** – समुदायमा सरकारी वकील कार्यक्रम
**कार्यक्रम सञ्चालन स्थान**– जि मुगु, खत्याड गाउँपालिका वडा नं. ४, गुम्था
**मिति** – २०७७।११।८ गते
**कार्यक्रम अवधि** – ३ घण्टा (विहान ०९०० बजेदेखि १२०० सम्म)
**सहभागी** – ३१ जना (६ महिला, २५ पुरुष) ।

**कार्यक्रमको परिचय-** जिल्ला सरकारी वकील कार्यालयबाट सम्पादन गरिने कार्यहरूका बारेमा जनस्तरमा जानकारी गराई सरकारी वकील कार्यालयको प्रचारप्रसार गर्ने उद्देश्यले सरकारी वकील कार्यालयको वार्षिक कार्यक्रम तथा कार्य योजनाबमोजिम जिल्ला सरकारी वकील कार्यालय, मुगुका सहायक जिल्ला न्यायाधिवक्ता विजयराज घिमिरे, नासु प्रकाशहरि धिताल, अन्य कर्मचारीहरूसमेतको टोली भई स्थानीय प्रहरी चौकी श्रीकोटसँगको सहकार्यमा भौतिक दूरी कायम गरी सञ्चालन गरिएको हो।

**कार्यक्रमको उद्देश्य**

१ सरकारी वकील कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरूको बारेमा जनस्तरमा प्रचारप्रसार गर्नु।
२. समुदायलाई सरकारी वकील कार्यालयले सम्पादन गर्ने कामको वारेमा जानकारी गराउनु।
३. समुदायसँग सरकारी वकीलको सम्बन्ध अभिबृद्धि गर्ने।
४. समुदायलाई परिवर्तित तथा प्रचलित कानूनी व्यवस्थाका बारेमा जानकारी गराउने।
५. उपस्थित सहभागीहरूको जिज्ञासा सम्बोधन गर्ने

**प्रस्तोता** – सहायक जिल्ला न्यायाधिवक्ता **विजयराज घिमिरे**

**प्रस्तुत भएका विषयहरू** –

१. सरकारी वकील कार्यालयले सम्पादन गर्ने कामको बारेमा समुदायलाई जानकारी गराइएको ।
२. सरकारवादी फौजदारी मुद्दाको उजुरी दर्ता, अभियोजन, सुनुवाइ तथा फैसला कार्यान्वयनसम्मका बारेमा जानकारी गराइएको।
३ साक्षीको महत्त्व र साक्षीले पाउने सुविधा तथा साक्षी सुरक्षाका बारेमा छलफल गरिएको।
४. हाल कार्यान्वयनमा रहेको मुलुकी अपराध संहिता, २०७४ तथा गाउँ, समाजमा फौजदारी मुद्दा मिलापत्र गर्ने, झुठा उजूरी दिएर अनाहकमा दु:ख दिने प्रवृत्ति बढिरहेकोलगायतका परिवर्तित कानूनी ब्यवस्थाका सम्बन्धमा छलफल भएको ।

**छलफलका उठेका मुख्य विषयवस्तुहरू** –

१. **जयऋषि उपाध्याय (वडाध्यक्ष)-** खत्याड गाउँपालिकाबाट सदरमुकाम गमगढीसम्म जान कम्तीमा ३ घण्टा लाग्ने, बालबालिका तथा महिलाहरूलाई सदरमुकामसम्म पुग्न अझ कष्ट हुने, गमगढीमा पनि अदालतले समयमै बकपत्रलगायतका कार्य सम्पन्न नगरिदिंदा गमगढीमा

होटलमा बस्नुपर्ने अवस्थाले गमगढीमा खानेबस्ने रकम कसले व्यहोर्छ?हामी गरीव जनतालाई पटकपटक तपाईंहरू किन दुःख दिनुहुन्छ?

२. प्रहरीले मुचुल्का तथा अन्य कागजहरूमा पढ्ने नदिई जबरजस्ती हस्ताक्षर गर्न लगाउने, लेखिएका कुराहरूका बारेमा हामीलाई केही थाहै नहुने, यसमा हस्ताक्षर गरेर केही हुन्न भनी हस्ताक्षर गर्न लगाउने अनि अदालतमा बकपत्र गर्दा हामीलाई पढ्न नदिई हस्ताक्षर गराएको भनिदिँदा जिल्ला सरकारी वकील कार्यालयले बकपत्र सम्पन्न भएको पत्र नदिँदा जिल्ला प्रहरी कार्यालयले बकपत्र गर्न आएवापत भत्ता नदिने अवस्थाका कारण सर्वसाधारण जनताले मुद्दा मामिलामा सत्य कुरा बोल्न सक्ने अवस्था रहँदैन। यहाँका प्रहरीलाई यसका बारेमा सिकाउनुहोस्।

३. **रञ्जना रावल-** महिला हिंसा/घरेलु हिंसाका कारण गाउँघरमा ससाना कुरामा पनि ठूलो मुद्दा बनाएर पेश गर्ने र प्रहरीले पनि त्यसैअनुसार मुद्दा बनाइदिँदा क्षणिक आवेशमा दिएका उजूरीहरूका बारेमा छानबिन गरेरमात्र मुद्दा दर्ता गर्ने तपाईंहरूको कुनै प्रावधान छैन?

४. **सरिता शाही-** यता गाउँघरमा सानै उमेरमा विहे हुने चलन छ। पछि मन नमिलेर धेरैजसोको सम्बन्धविच्छेद हुने अवस्था छ। यिनलाई कारवाही गर्ने कुनै निकाय छैन?

**छलफलमा उठेका विषयहरूको सम्वोधन**

कार्यक्रममा सहभागीबाट उठान भएका विषयहरूको बारेमा जिल्ला सरकारी वकील कार्यालय, मुगुका सहायक जिल्ला न्यायाधिवक्ता श्री विजयराज घिमिरेले जवाफ दिनु भएको थियो। २०७५ भाद्र १ देखि लागू मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा भएका नवीनतम् कानूनी व्यवस्थाको बारेमा सामान्य जानकारी गराइयो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा उल्लिखित मुद्दाहरूका साथै नेपाल सरकार वादी हुने सरकार वादी मुद्दाहरूको अभियोजन, वहस पैरवी तथा प्रतिरक्षा सरकारी वकीलवाट हुने, सरकार वादी मुद्दामा सरकारी साक्षीहरूले अड्डा अदालतमा उपस्थित भई साक्षी परीक्षण भएपछि साक्षीहरूले कानूनमा उल्लेख भएबमोजिम भत्ता पाउने तथा मुलुकको फौजदारी कानून सुदृढ गर्न तथा समाजमा अपराध न्यूनीकरण गर्न योगदान गर्ने भएकोले साक्षीहरू बकपत्र गर्न उत्साहित हुनुपर्ने भन्नेसमेतका जानकारी गराइयो।

सबैले कानूनबमोजिम काम गर्नुपर्ने; जातीय छुवाछुतजस्ता उजूरीहरू स्थानीय प्रहरीमा दिन सकिने तथा प्रहरीले त्यस्ता उजूरीमा कारवाही प्रकृया अगाडि नबढाएमा सरकारी वकील कार्यालयमा उजूरी दिन सकिने; झुठा उजूरी निरुत्साहित गर्नुपर्ने, सङ्कलित प्रमाणका आधारमा अभियोजन गरिने तथा कानूनीरूपमा बीस वर्ष नपुगी विवाह गर्न नमिल्ने, १८ वर्ष नपुगी महिलालाई निजको सहमतिमै करणी गरे पनि सो कार्य जबरजस्ती करणीको परिभाषाभित्र पर्ने भएकाले सो सम्बन्धमा सचेतना कार्यक्रमहरू स्थानीय तहहरूले पनि गर्नुपर्ने भनी जवाफ दिइएको थियो।

**मुख्य उपलब्धिहरू**

१. समुदायलाई सरकारी वकील कार्यालय छुट्टै निकाय हो र यसले सरकार वादी फौजदारी मुद्दामा बहस पैरवी गर्ने र नेपाल सरकारको सरोकार निहित रिट निवेदनमा प्रतिरक्षा गर्ने तथा सङ्घीय सरकारका कार्यालयहरूलाई कानुनी राय प्रदान गर्ने भन्ने जानकारी भएको।
२. समुदायसँग सम्बन्ध अभिवृद्धि भएको।
३. सरकारी वकीलले सम्पादन गर्ने कामका बारेमा समुदायलाई जानकारी भएको।
४. परिवर्तित तथा प्रचलित कानुनी व्यवस्थाका बारेमा सामान्य जानकारी भएको।

**सहभागीको सुझाव**

१. बेलाबखतमा यस्ता कार्यक्रमहरू सञ्चालन गरी जनतालाई सुसूचित गराउनुपर्ने र अन्य ठाउँमा पनि कार्यक्रम गर्नुपर्ने। गाउँपालिकाको न्यायिक समितिलाई सरकारी वकीलले सहयोग गर्नुपर्ने।
२. कार्यक्रम लामो समयको भएमा बढी छलफल गर्ने अवसर हुने भनी सुझाव प्राप्त।

**आयोजकको अनुभव**

**समस्या**

१. मुगु जिल्लाका अधिकांश स्थानहरू हिँडेरै जानुपर्ने, सवारी साधनहरू पर्याप्त नहुने हुँदा सदरमुकामदेखि टाढाका स्थानहरूमा कार्यक्रम गर्न अघिल्लो दिन नै गएर बास बस्नुपर्ने।
२. स्रोत सामग्रीहरूको अभाव हुँदा सहभागीहरूबाट माग भएको कागजात (documents) उपलब्ध गराउन नसकिएको।
३ COVID-19 का कारण कार्यक्रमको व्यवस्थापनमा कठिनाइ भएको।

**सुझाव**

१. कानूनी कागजातहरू, कानूनी स्रोत सामग्रीहरू तथा जिल्ला सरकारी वकील कार्यालय, मुगुको संक्षिप्त परिचयसहित कार्यहरूका सम्बन्धमा स्पष्ट उल्लेख भएको Brochure छापी वितरण गर्नुपर्ने।
२. महान्यायाधिवक्ताको कार्यालयले गर्ने काम कारवाहीका बारेमा बिस्तृतरूपमा उल्लिखित कागजात (Printed document) सहभागीहरूलाई वितरण गर्नुपर्ने।

संयोजक – विजयराज घिमिरे
प्रतिवेदक- प्रकाशहरि धिताल
सहयोगी- ज्ञानबहादुर महतारा

जिल्ला सरकारी वकील कार्यालय
गमगढी, मुगु